"कला, संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०८०/०८१
चलानी नं :- ५४२६

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मैजुहिटी, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

मिति २०८१/०२/०१
ने.सं.- ११४४ बछलाथ्व ७, मंगलवार

श्री जनप्रतिनिधिज्यूहरु
श्री सामुदायिक विद्यालय, संस्थागत विद्यालय तथा विद्यार्थीहरु
श्री बैंक तथा वित्तीय संस्था तथा प्रतिनिधिहरु
श्री Engineering Consultant र Chartered Accountant संस्था तथा प्रतिनिधिहरु
श्री उद्यमशीलताको क्षेत्रमा कार्य गरिरहेका संस्था तथा प्रतिनिधिहरु
टोखा नगरपालिका।

विषयः अभिमुखीकरण कार्यक्रम सम्बन्धमा।

जिल्ला समन्वय समिति काठमाडौंको चं.नं.५८ मिति २०८१।०१।०९ को पत्रबाट यस वर्षको Start UP World Cup, Nepal यही मिति २०८१ असार १३ गते (२७ जुन २०२४) मा हुने जानकारी प्राप्त हुनुका साथै Start UP World Cup मा काठमाडौं जिल्लाभित्र रहेका महानगर तथा नगरपालिकाहरुको सहभागिता अनिवार्य हुने र नगरपालिकाहरुबाट आन्तरिक प्रतिष्पर्धा गराई स्वतः राष्ट्रिय प्रतिष्पर्धा (Top 50) मा प्रतिष्पर्धी छानिने व्यवस्था रहेकोले यस नगरपालिकाबाट पनि नगर स्तरीय Championship छान्नुपर्ने हुँदा तपसिल बमोजिमको मिति, समय र स्थानमा हुने नवप्रवर्तन सम्बन्धी अभिमुखिकरण कार्यक्रममा सहभागिताको लागि हार्दिक अनुरोध छ।

तपसिल

**मितिः २०८१।०२।०३ गते बिहीवार**
**समयः दिउँसो ३:०० बजे**
**स्थानः टोखा न.पा.को सभाहल।**

.............................
(शेर बहादुर बि.सी.)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
जिल्ला समन्वय समितिको कार्यालय
बबरमहल, काठमाडौं।

सादर अवगतार्थः
श्रीमान् नगर प्रमुखज्यू,
श्रीमान् नगर उप प्रमुखज्यू, टोखा नगरपालिका।

# जिल्ला समन्वय समिति

काठमाडौं ।

☎ ०१-४२४१४०४
०१-४२४१४०३
०१-४२४४६६७
Fax: ४२५३९९६

बबरमहल, काठमाडौं
३ नं. प्रदेश, नेपाल ।


पत्र संख्या :- ०८०।८१
चलानी नं.:- ५८

मिति ......२०८१।०३।०२......

विषयः- अभिमुखीकरण कार्यक्रम सम्बन्धमा ।

श्री महानगरपालिका/नगरपालिका सबै,
महानगर/नगर कार्यपालिकाको कार्यालय,
काठमाडौं

प्रस्तुत विषयमा जिल्ला समन्वय समिति, काठमाडौं र Start up Hub Nepal ले नवप्रवर्तनको क्षेत्रमा सहकार्य गरी कार्य गरिरहेको जानकारी गराउँदछौं । काठमाडौं जिल्लाभित्र रहेका महानगर तथा नगरपालिकाबाट Start UP World Cup मा नगरपालिकास्तरको सहभागिता अनिवार्य हुने उद्धेश्य सहित तहाँ पालिकामा नै देहायका सरोकारवालाहरुको सहभागितामा नवप्रवर्तन सम्बन्धी अभिमुखीकरण गर्ने कार्यक्रम तय भएको व्यहोरा सूचित गरिन्छ । यस वर्षको Start UP World Cup, Nepal June २6, २०२४ ( २०८१ असार १३) मा गरिने तय भएको र सो प्रतिस्पर्धामा काठमाडौं जिल्लाका सम्पूर्ण नगरपालिकाहरुबाट आन्तरिक प्रतिस्पर्धा गराई स्वतः Top ५० मा (राष्ट्रिय प्रतिस्पर्धा) प्रतिस्पर्धी छानिने व्यवस्था गरिएको हुँदा तहाँ पालिकाबाट Start UP World Cup नगर स्तरीय Championship छान्नुपर्ने भएकोले सो को तयारी गर्नुहुन अनुरोध छ । सो को प्रकियाको लागि आवश्यक कागजात र फारम यसैपत्रसाथ संलग्न छ । यस सम्बन्धी आवश्यक जानकारीको लागि संचालन हुने अभिमुखीकरण कार्यक्रमको लागि तहाँ पालिकाको उपयुक्त समय निर्धारण गरि मिति २०८१।०१।२० भित्र महानगर/नगरपालिकाले जिल्ला समन्वय समितिको कार्यालयमा जानकारी पठाईदिनुहुन समेत सादर अनुरोध छ ।

<u>सरोकारवाला सहभागीहरु :</u>

१. शैक्षिक संस्था तथा विद्यार्थीहरु
२. बैंक तथा वित्तिय संस्थाका प्रतिनिधीहरु
३. Engineering Consultant र Chartered Accountant संस्था तथा सो सँग सम्बन्धित प्रतिनिधीहरु
४. महानगर तथा नगरपालिकाका जनप्रतिनिधीहरु
५. उद्यमशीलताको क्षेत्रमा कार्य गरिरहेको कुनै संस्था तथा प्रतिनिधीहरु

(सन्तोष बुढाथोकी)
प्रमुख

प्रशासन शाखा + लघु उद्यम ... शिक्षा शाखा + ...
पत्रानुसारको कार्यक्रम मिति २०८१/२/३ गते बिहान २:० ... नगरपालिकाको सभाहलमा ... मिलाउनु / पत्राचार ...
२०८१/२/१